क्षेत्रीय अखबार
# पश्चिम नेपाल
-वर्ष: २०, अङ्क: ४३, २०८२ साउन ११ गते आइतबार (27 Jul., 2025) -मूल्य: रु. ५।-, -पृष्ठ ४
सुदूरपश्चिममा सर्वाधिक विक्री हुने पत्रिका
दैनिक

रमाईलो®
तपाईंको स्वास्थ्यको साथी
मैदा
बेकरी, म:म: र नुडल्स को लागी न.१
RP Agro Industries (P) Ltd
Godawari - 5, Dhangadhi, Kailali
9801700061/ 9801700011

## पटेरा खल्लामा बाढीकै त्रास

**-पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, १० साउन**

दोधारा चाँदनी नगरपालिका-३ पटेरा खल्लाका चक्रबहादुर शाही जोगबुडा नदीमा जलस्तर बढ्ने बित्तिक्कै पोहोर सालकै बाढीको बबन्डर सम्भिmन्छन् । उनलाई फेरि जोगबुडाको बाढी बस्ती पसेर उठीबास हुने चिन्ता हुन्छ । नदी किनारमै घरभएका उनी बर्खा सुरु भएयता यस्तै चिन्तामा छन् ।





गत वर्ष जोगबुडा नदीको बाढी पस्दा बस्ती पूरै विस्थापित भएको थियो । त्यतिबेला विस्थापित १० दिनसम्म विद्यालयमै बसेका थिए । बाढीले बस्ती डुबानमा मात्रै परेन । खेतीपाति सबै पुरियो, भित्रको अन्न पनि सबै बगायो । गाई भैंसी र बाख्रा पनि बगे । घरहरु पनि धेरै भत्कायो ।

'बाहिर धान खेत पूरै बाढीले पटान गऱ्यो, भित्र भकारीमा भएका धान गहुँ पनि भिजेर बिग्रिए,' शाहीले भने, 'कच्ची घर थियो त्यो पनि भत्कायो, बाख्रा र गाई पनि मरे ।' उनका ४० बाख्रा थिए । ८ क्विन्टल धान र ५ क्विन्टल गहुँ सबै भिजेर कुहिएको थियो । त्यसपछि किनेरै खानुपरेको शाही बताउँछन् । कालिकोटको तिलागुफा नगरपालिकाबाट पहिरोका कराण विस्थापित भइ एक दशकअघि यहाँ पुगेका शाही बाढीका कारण बर्सेनि त्रसित छन् । 'पहाडमा पहिरोले दु:ख दियो, तराईमा बाढीले,' उनले भने, 'गरिबका लागि जहाँ गएपछि दु:ख मात्रै ।' यसपालि जोगबुडा किनारमा असल अलि तटबन्ध त बनाएको छ । तर त्यसले पनि भर नभएको पटेरा खल्लाकी स्थानीय आइती दमाईले बताइन् । उनले भनिन्, 'पोहोर साल जेनतेन ज्यान जोगायौं, खेतीपाती र अन्न सबै बगायो, अहिले पनि कतिबेला जोगबुडा उर्लेर आउँछ र फेरि बस्ती पूरै डुबानमा पर्छ ।' पटेरा खल्लामा ४० बढी परिवारको बसोबास छ । बस्तीमा बाढी पसेपछि सबै नजिकैको विद्यालयमा आश्रय लिन्छन् । कतिपय आफन्त र छिमेकीको घरमा जान्छन् । गत वर्ष असार तेस्रो साता भीषण वर्षासँगै आएको बाढी बस्ती पसेपछि यहाँका ४० परिवार दुई सातासम्म विद्यालयमा बसेका थिए । वडा कार्यालय र विभिन्न संस्थाले उनीहरुलाई खाद्यान्न सहयोग गरेका थिए । 'नदी किनारमा पक्की तटबन्ध नबनेसम्म ढुक्क हुन सक्ने अवस्था छैन,' इन्द्रबहादुर दमाईले भने, 'पोहोरको बाढीले कच्ची घर भत्काएपछि अहिले धेरैले पक्की घर बनाएका छन् ।' उनका अनुसार बर्सेनि बाढीको जोखिम भएकाले ऋण काढेर भए पनि पक्की घर बनाएको बताए ।

पटेरा खल्ला बर्खामा जहिल्यै डुबान हुने क्षेत्र हो । विगतमा यहाँ बस्ती थिएन । सुकुम्बासीहरुले एकाएक छाप्रो बनाएपछि यहाँ बाक्लै बस्ती बनेको छ । तर बर्खायाममा जहिल्यै डुबान हुने भएकाले स्थानीय ढुक्क भएर बस्न सकेका छैनन् । जोगबुडा नदी किनारमा पक्की तटबन्ध निर्माण भएपछि मात्रै ढुक्क हुन सक्ने उनीहरु बताउँछन् ।

## आज कञ्चनपुरका चार पालिकामा सार्वजनिक बिदा

**-पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, १० साउन**

आज आइतबार कञ्चनपुरका चार वटा पालिकाले सार्वजनिक बिदा दिएका छन् । रानाथारु समुदायको प्रमुख पर्व तीजका अवसरमा यहाँका पुनर्वास नगरपालिका, बेलौरी नगरपालिका र लालझाडी गाउँपालिका, बेलडाँडी गाउँपालिकाले आइतबार सार्वजनिक बिदा दिने निर्णय गरेका छन् ।



बेलौरी नगरपालिकाका कार्यवाहक नगरप्रमुख जोगराम चौधरीले पालिकाले हरेक समुदायका पर्वलाई प्राथमिकता दिँदै आएको उल्लेख गर्दै पालिकाले रानाथारुको प्रमुख पर्व तीजका अवसरमा एक दिन सार्वजनिक बिदा दिने निर्णय गरेको बताए ।

'बहुधार्मीक बहुसांस्कृतिक हाम्रो मुलुकमा यस्ता चाडपर्वहरुले सामाजिक एकता तथा भातृत्वलाई कसिलो बनाउन छ,' उनले भने, 'पर्वलाई तडकभडक नगरी आर्थिक मितव्ययी बनाउन आग्रह गर्दछु।'

लालझाडी गाउँपालिकाले साउन ११ र १३ गते सार्वजनिक बिदा दिएको छ । गाउँपालिका अध्यक्ष निर्मल रानाले रानाथारु समुदायका महिलाको तीज पर्व र थारु समुदायको गुरही पर्वका अवसरमा सार्वजनिक बिदा दिएको बताए। बेलौरी र पुनर्वास नगरपालिकाले साउन ११ गते सार्वजनिक बिदा दिएका छन् ।

रानाथारु समुदायका महिलाहरुले श्रावण शुक्ल तृतीयाका दिन तीज मनाउने गरेका छन् । रानाथारु समुदायका जानकारहरुका अनुसार तीज आउनु अगावै सार्वजनिक स्थानमा पिङ राख्ने र खेल्ने प्रचलन छ । यसलाई राना समुदायले 'सावनको डोला' भन्ने गर्दछन् । 'अन्य समुदायले श्रीमान्को दीर्घायूका लागि तीजको व्रत बस्छन् तर हाम्रो समुदायमा दाजुभाइको दीर्घायूका लागि तीजको व्रत बस्छन्', रानाथारु समुदायका अगुवा प्रेमवती रानाले भनिन्, 'हाम्रो समुदायका दिदीबहिनीले माइतमा गएर पिङ खेल्दै दाजुभाइको दीर्घायुको कामना गर्छन् ।'

उनका अनुसार रानाथारु समुदायका महिलाले माइतीघरमा व्रत बसेर तीज मनाउने प्रचलन छ । तीज रानाथारु समुदायको महान् पर्व हो । हिन्दू धर्मावलम्वीहरुले भाद्र शुक्ल तृतीयाका दिन तीज मनाउने चलन रहिआएको छ भने रानाथारु समुदायले श्रावण शुक्ल तृतीयाका दिन तीज मनाउने प्रचलन छ । छुट्टै पहिचान र मौलिक संस्कृति रहेको रानाथारु समुदायमा तीज पर्व आउन १५ दिन अगावै दिदीबहिनीको घरमा गएर निम्ता दिने चलन रहेको उनको भनाई छ ।

यस पर्वलाई खेतीपातीको काम सकिएपछि थकाइ मेटाउने पर्वका रूपमा मनाउने गरिएको स्थानीय चेतराम रानाले बताइन्। तीज आउनुपूर्व नै मनोरञ्जनका रुपमा सावनको डोला (पिङ) खेल्ने प्रचलन छ । यो पर्वमा रानाथारु समुदायका दिदीबहिनीले परम्परागत पहिरनमा सजिएर पिङमा मच्चिँदै गीत गाउने गर्छन् । तीजमा महिला दिनभरि पानीसमेत नखाएर आफ्नो दाजुभाईको दीर्घायुका कामना गर्दै व्रत बस्ने गर्दछन् ।

Admissions Open
Class 11 Admissions open
+2 Science Commerce




रेडियण्ट मा.वि.को भर्ना सम्बन्धी सूचना

२०८१ सालको एसईई परीक्षामा उत्तीर्ण हुनु भएका सम्पूर्ण विद्यार्थीहरुलाई हार्दिक बधाईका साथै उज्ज्वल भविष्यको शुभकामना व्यक्त गर्दै सुदूर पश्चिमाञ्चल क्षेत्रकै अग्रणी शिक्षण संस्था **रेडिएण्ट मा.वि.**मा शैक्षिक सत्र २०८१/०८२ का लागि **विज्ञान** (Science) तथा **वाणिज्य** (Commerece) तर्फ कक्षा ११ मा तपशिल बमोजिमको कार्यक्रम अनुसार भर्ना खुलेको विषय सम्बन्धित सबै विद्यार्थी तथा अभिभावक वर्गमा सहर्ष जानकारी गराइन्छ ।

Admission Open
+2 Science
and
Commerce
Radiant Higher
Secondary
School
Mahendranagar,
Kanchanpur
Phone No.
099-525169
Website :
www.radianths.edu.np


१) **भर्ना मिति** : श्रावण ४ गतेदेखि श्रावण ९ गतेसम्म ।
२) **अभिमूखिकरण कार्यक्रम** (Orientation Program) :**२०८२** श्रावण **१0 गते बिहान ८ बजे**
३) **कक्षा सञ्चालन**: २०८२ श्रावण १२ गते दिउँसो १२:२० बजेदेखि
४) **व्यवस्थापन पढ्ने विद्यार्थीहरूलाई यो वर्ष आकर्षक छुट रहनेछ ।**

रेडिएण्ट उच्च माध्यमिक विद्यालय
महेन्द्रनगर, कञ्चनपुर, फोन नं.: ०९९-५२५१६९, ०९९-५२०९९२

# थारु समुदायको मौलिक पहिचान छतरी हराउँदै

**–पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, १० साउन**

कञ्चनपुरका थारु समुदायका मौलिक पहिचान बोकेका छतरी(छाता) हराउँदै जान थालेको छ । थारु समुदायको खेत-खलिहान र गोठालो यात्राको अभिन्न साथी मानिने बाँसको छतरी, आज स्मृतिमा मात्र सीमित हुँदै जान थालेको छ । जीवनभर खेतमा काम गर्दा ओढ्ने छतरी हराउँदै गएकामा शुक्लाफाँटा नगरपालिका-३ जोनापुरका धनिराम चौधरी चिन्ता व्यक्त गर्छैन् । 'बर्सातमा खेतमा काम गर्दा, गोरु जोत्न, बीउ झार्न, वा गोठाला जाँदा छतरी आवश्यक वस्तु हुन्थ्यो', उनले भने, 'बलियो पहाडी बाँस र महुराइन (मालु)को पात प्रयोग गरी बनाइने छतरी पानी चुहिन नदिने उत्कृष्ट घरेलु प्रविधि थियो ।'



बूढेसकाल लाग्दासम्म परम्परागत रूपमा घरमै निर्माण गरेका छतरी ओढेको सम्झना उनलाई छ । छतरीमा एक थोपा पनि पानी चुहिँदैनथ्यो, हलुका पनि हुन्थ्यो, तर अब ती दिन सपनाजस्ता भएको उनी सुनाउछन् । छतरी थारु समुदायका लागि एक उपयोगी वस्तु रहेको उल्लेख गर्दै उनले सांस्कृतिक चिनारीका रूपमा छतरीलाई लिइने गरेको बताउछन् । बाँसको चोयाले बुनेर महुराइन (मालु)को पातभित्र राखी बनाइने छतरी घाम र पानी दुवैबाट जोगाउने उपायका रूपमा रहेको उनले बताए ।

'पहाडबाट ल्याइने बलियो बाँसले बनाइएका छतरी पाँच वर्षभन्दा बढी टिक्ने गर्दथे', उनले भने, 'थारु समुदायमा तीन प्रकारका छतरी प्रचलनमा थिए, जसमा ठूलो गोलो छतरी, जसले शरीरको अधिकांश भाग छोप्थ्यो, मुरमुख्खी, टाउको मात्रै ढाँक्ने सानो छतरी र स्यांगो, त्रिकोण आकारको पूरै शरीर छोप्ने छतरी प्रचलनमा थिए ।' यी सबै आज प्रयोगबाट हराइसकेको उनले बताए । परम्परागत छतरीको तुलनामा बजारमा आधुनिक र सस्तो छाता रेनकोट सजिलै पाइने भएपछि परम्परागत सीप लोप हुन थालेको कलंकबहादुर चौधरी बताउछन् । बाँस र महुराइनको पात मुख्यरूपमा चुरे क्षेत्रका वनबाट सङ्कलन गरिन्थ्यो । तर अहिले वनभित्र अनुमति बिना प्रवेश गर्न नपाइने, पात टिप्दा झन्झट हुने, र कानुनी जटिलता हुने भएपछि छतरी बनाउने चलननै बन्द भएको उहाँको भनाइ रहेको छ ।

'थारु परम्परामा ससुराली जाँदा छतरी, सुप्पा, मचिया उपहार दिने चलन थियो', हवलदार चौधरीले भने, 'परम्परागत वस्तुहरू उपहारमा दिने चलन पनि हरायो, महुराइनको पातलाई पवित्र मानिने हुँदा पूजामा प्रयोग हुने दुना, टपरी पनि त्यही पातबाट बनाइन्थ्यो, त्यसको बदलामा अहिले सातको पातले काम चलाउने गरिन्छ।' उनी भन्छन्, 'आजका युवा छाता, रेनकोट र प्लास्टिकका सजिला सामानतर्फ आकर्षित छन्, सीप सिकाउने बूढापाका घट्दै जाँदा छतरीजस्ता मौलिक वस्तु लोप हुने अवस्थामा पुगेका छन, लोप हुँदै गएका छतरी लगायतका वस्तुको जगेर्ना गरी यस्ता हस्तकलाका सामग्रीको बजार प्रवर्द्धन गर्नुपर्छ ।'

छतरी थारु समुदायको केवल आवश्यकता होइन, पहिचान पनि भएकाले त्यसको संरक्षण नगर्ने हो भने भविष्यमा केवल तस्बिर वा सङ्ग्रहालयमा मात्रै सीमित हुने चिन्ता उनी व्यक्त गर्छन् । उनका अनुसार यसका लागि स्थानीय सरकार र सरोकारवाला निकायले समयमै सचेत भएर सीप संरक्षण कार्यक्रम र सांस्कृतिक जागरण अभियान सुरू गर्न आवश्यक छ ।

# छाउगोठ भत्काउने अभियान जारी

**–पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, १० साउन**

कञ्चनपुरको कृष्णपुर नगरपालिका-१ मा छाउगोठ भत्काउने अभियानलाई निरन्तरता दिइएको छ ।

गत साता महिनावारी भएका बेला छाउगोठमा बस्न गएकी २८ वर्षीया कमला दमाईं (आउजी)को सर्पदंशका कारण मृत्यु भएपछि छउगोठ भत्काउन सुरु गरिएको हो । वडाको निगाली र दोमिल्लाको श्रीपुर टोलमा रहेका छाउगोठ भत्काउने कार्य हुन थालेको कृष्णपुर-१ का वडाध्यक्ष मोहन बस्नेतले बताए । उनका अनुसार दुवै ठाउँमा गरी हालसम्म १५ वटा छाउगोठ भत्काइएका छन् । छाउगोठ भत्काउनका लागि समिति गठन गरेर परिचालन गरिएको उनले जानकारी दिए ।

समितिले समुदायमा महिनावारीका बारेमा सचेतना फैलाउने काम गरिरहेको वडाध्यक्ष बस्नेतले बताए । स्थानीय स्वस्फूर्त रूपमा छाउगोठ भत्काउने अभियनमा संलग्न भइरहेका जनाउँदै उहाँले छाउगोठ भत्काउन अटेरी गर्नेलाई प्रचलित कानुन अनुसार कारबाही गरिने उल्लेख गरे। पहरीया क्षेत्रमा पनि छाउगोठ भत्काउन सुरु गरिने उनको भनाइ छ ।










## महाकाली बहुप्राविधिक शिक्षालय कञ्चनपुर

## भर्ना सम्बन्धि सूचना

CTEVT, भीमदत्त नगरपालिका र महाकाली प्रादेशिक अस्पतालको साझेदारीमा सञ्चालित सुदूरपश्चिम प्रदेश भरिका टिभेट (CTEVT) संस्थाहरुमध्येबाट नमूना शिक्षालयका रुपमा छनौट भएको यस महाकाली बहुप्राविधिक शिक्षालयमा शैक्षिक सत्र २०८२/०८३ का लागि प्रमाण पत्र तह समान्य चिकित्सा (HA), अप्थाल्मिक साइन्स(OA), मेडिकल ल्याब टेक्नोलोजी(CMLT) र डिप्लोमा इन फार्मेसी कार्यक्रमहरुमा तपशिल अनुसार भर्ना खुलेको सहर्ष जानकारी गराइन्छ ।

**भर्ना कार्यक्रम**

Online बाट आवेदन फाराम भर्न सुरु (२०८२ साउन ५ गतेदेखि
Online बाट फाराम भर्ने अन्तिम मिति (२०८२ साउन २६ गतेसम्म
Online आवेदनका लागि www.ctevt.org.np अर्न्तगत online application form मा Click गरी प्राप्त निर्देशन अनुसार फाराम भर्न सकिनेछ ।

**नोट** : Online आवेदन फाराम शिक्षालयमा आएर निःशुल्क रुपमा भर्न सकिनेछ ।

**सिट संख्या**

मेडिकल ल्याब टेक्नोलोजी ३० जना, समान्य चिकित्सा ४० जना, डिप्लोमा इन फार्मेसी ४० जना अप्थाल्मिक साइन्स ४० जना, (१) Net बाट Print गरी सम्बन्धित विद्यालयबाट प्रमाणित गरिएको SEE Grade Sheet , (२) चारित्रिक प्रमाणपत्र सक्कलको स्क्यान कपी
(३) जन्म दर्ता वा नागरिकता प्रमाणपत्र सक्कलको स्क्यान कपी
(४) सरकारी विद्यालयबाट अध्ययन गरेको भए सरकारी विद्यालय हो भनि प्रमाणित सक्कल स्क्यान कपी, (५) हालसालै खिचिएको ३५ बाई ४५ mm को फोटो
(६) लक्षित वर्गमा आवेदन सम्बन्धित वर्ग खुल्ने कागजतपत्र सक्कलको स्क्यान कपी

**सम्पर्क महाकाली बहुप्राविधिक शिक्षालय**
भीमदत्त नगरपालिका ४ महेन्द्रनगर, कञ्चनपुर
फोन नं. : ०९९(५९००४४,९८४८७२०२४७,९८४८७२६८६५



# एक वर्षमा साढे दुई लाखभन्दा बढी पर्यटकले गरे टीकापुर पार्क अवलोकन

**–पश्चिम नेपाल संवाददाता**
**धनगढी, १० साउन**

गत आर्थिक वर्षमा कैलालीको टीकापुर पार्कमा साढे दुई लाखभन्दा बढी पर्यटकले अवलोकन गरेका छन् ।

आर्थिक वर्ष २०८१/८२ मा दुई लाख ५३ हजार चार सय ६८ जना आन्तरिक पर्यटकले टीकापुर पार्कको अवलोकन गरेका हुन् । टीकापुर नगरपालिकाको मातहतमा रहेको टीकापुर पार्कबाट नगरपालिकाले गत आवमा रु ९३ लाख ४४ हजार चार सय १० राजस्व सङ्कलन गरेको छ । आ.व. २०८०/८१ मा नगरपालिकाले पार्कबाट रु ६३ लाख ९७ हजार एक सय ७५ राजस्व सङ्कलन गरेको थियो ।

टीकापुर नगरपालिकाका राजस्व शाखा प्रमुख नन्द केसीले दिएको जानकारीअनुसार गतवर्ष दुई लाख १८ हजार दुई सय ८ जना स्वदेशी पर्यटकले पार्कको अवलोकन गरेका थिए। जसबाट रु ६५ लाख ४६ हजार दुई सय ४० राजस्व सङ्कलन भएको छ भने ३५ हजार दुई सय ६० जना विद्यार्थी तथा जेष्ठ नागरिकहरूले पार्क अवलोकन गरेका छन् । उनीहरूबाट नगरपालिकाले पाँच लाख ५८ हजार नौ सय राजस्व सङ्कलन भएको देखिन्छ ।

त्यतिमात्र नभई पार्क अवलोकनमा आउने पर्यटकहरुको सवारीसाधन पार्किङबाट मात्रै रु आठ लाख ३७ हजार एक सय राजस्व उठेको नगरपालिकाका राजस्व शाखा प्रमुख केसी बताँछन् । त्यसैगरी पिकनिक स्पट, फोटोग्राफी, क्यामरालगायत विविधबाट रु १४ लाख ३२ हजार



एक सय ७० सङ्कलन भएको छ। पार्कमा रहेको वीरेन्द्र विश्राम घर पर्यटकका लागि खुला गरिएपछि पछिल्लो समय पर्यटकहरुको आवागमन बढ्दै गएको हो । पार्कमा पछिल्लो समय दैनिक करिब पाँच सय पर्यटक अवलोकनका लागि आउने गरेका छन् ।

पार्कमा व्यावसायिक फोटोग्राफी सञ्चालन भएपछि पनि पर्यटकको संख्या बढेको देखिन्छ । अहिले पार्कभित्र करिब ३५ जना युवाहरू व्यावसायिक फोटोग्राफीको काम गर्दै आएका छन् । टीकापुर नगरपालिका-३ का नैनबहादुर चौधरी कुखुरापालन व्यवसाय छोडेर दुई वर्षदेखि फोटोग्राफरको काम गर्दै आएका छन् । कुखुरापालनबाट भन्दा राम्रो आम्दानी फोटोग्राफीबाट हुने भएपछि यतातिर लागेको उनको भनाइ छ । ‘सुरुवातका दिनमा धेरै राम्रो आम्दानी थियो, दिनमै चार/पाँच हजार रुपैयाँसम्म कमाउन सकिन्थ्यो’, उनले भने, ‘आम्दानी राम्रो देखेपछि कुखुरापालन व्यवसाय छोडेर यता लागेको हुँ, तर अहिले धेरैजना यसैमा जोडिएका कारण त्यस्तो आम्दानी छैन ।’ पार्कभित्र फोटोग्राफीको काम गर्ने अधिकांश युवाहरू अध्ययनसँगसँगै फोटोग्राफरको काम गर्दै आएका छन् ।

टीकापुर स्थिति खड्ग स्मृति माध्यमिक विद्यालयबाट कक्षा १२ को परीक्षा दिएका सुनिल चौधरी अहिले पार्कमा फोटोग्राफीको काम गर्दै आएका छन् । उनले फुर्सदको समयलाई सदुपयोग गर्दै दैनिक रु दुईदेखि तीन हजार आम्दानी गर्दै आएको बताए । ‘सबै दिन एउटै किसिमको हुँदैन । कुनै दिन बढी हुन्छ त कुनै दिन हुँदैन’, उनले भने, ‘आफ्नो अध्ययनको खर्च अनि कोठाको खर्च व्यवस्थापनमा कुनै समस्या छैन ।’

नगरपालिकाले चालू आर्थिक वर्षबाट पार्कको प्रवेश शुल्क वृद्धि गरेको छ । यसभन्दा पहिलेप्रति व्यक्ति ३० रुपैयाँ लाग्दै आएको शुल्क बढाएर ५० पुर्याइएको छ । त्यसैगरी विद्यार्थी, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकहरूले यसभन्दा पहिले प्रतिव्यक्ति रु १५ तिर्दै आएकोमा अब रु ३० तिर्नुपर्ने हुन्छ। नगरपालिकाको आर्थिक ऐन २०८२ अनुसार उक्त दर हेरफेर गरिएको नगरप्रमुख रामलाल डगौरा थारुले बताए ।

त्यसैगरी प्रतिदिन रु एक सयमा व्यावसायिक फोटोग्राफीको काम गर्दै आएका व्यवसायीको शुल्क वृद्धि गरेको छ । अहिले प्रतिदिन फोटोग्राफरले पार्कभित्र फोटो खिचेको दुई सय शुल्क तिर्नुपर्ने भएको छ । ‘आवश्यकता र औचित्यका आधारमा धेरैपछि पार्कको प्रवेश शुल्क लगायतका करका दर मा हेरफेर गरिएको छ’, नगरप्रमुख थारुले भने, ‘यसलाई कार्यान्वयन गर्दै पार्कलाई थप व्यवस्थित र रमणीय बनाउँदै लगिने छ ।’

# रोपेको धान सुक्न थाल्यो,गर्मीले जनजीवन कष्टकर

**–पश्चिम नेपाल संवाददाता**
**कैलाली, १० साउन**

सुदूरपश्चिम प्रदेशका कैलालीसहितका जिल्लामा मनसुनी वर्षा पूर्ण रूपमा सक्रिय हुन नसक्दा देखिएको खडेरीले धानबाली प्रभावित हुन थालेको छ ।

पर्याप्त पानीको अभावमा बोरिङबाट पानी तानेर गरिएको धान रोपाइँ खेतमा अहिले गर्मीसँगैको सुक्खा मौसम उत्पन्न भएपछि खेतमा चिरा परेको स्थानीय किसानले बताएका छन् । पछिल्लो दुई हप्तादेखि देखिएको सुक्खा मौसम एवं खडेरीका कारण प्रमुख खाद्यान्न धानबाली सुक्न लागेको जनाउँदै किसान हरिलाल चौधरीले चिन्ता व्यक्त गरे । ‘बोरिङ पम्पिङसेटबाट पानी तानेर असार पहिलो हप्तामा नै धान रोपाइँ गरियो,’ उनले भने, ‘दुई हप्तादेखि चाहिने जति वर्षा नहुँदा देखिएको खडेरीले रोपेको धान सुक्न लागेको छ ।’

साउन महिनाको ९ गतेसम्म पनि प्रदेशका कैलाली र कञ्चनपुरसहितका जिल्लामा मनसुन पूर्ण रूपमा सक्रिय हुन सकिरहेको छैन । मनसुन भित्रिने सरदर मितिभन्दा यस वर्ष १५ दिनअगाडि नै मनसुन भित्रिएको भए पनि मनसुन प्रणाली सक्रिय हुन नसकिरहेको जल तथा मौसम विज्ञान विभागको अत्तरियास्थित महाकाली बेसिन फिल्ड कार्यालयले जनाएको छ ।

कार्यालयका प्रमुख सञ्जय साहले भने, ’गएको असार १६ गते धनगढी क्षेत्रमा २१२ दशमलव दुई मिलिमिटर वर्षा मापन भएकामा त्यसयता ठूलो वर्षा हुन सकिरहेको छैन ।’ कार्यालयका प्रमुख साहले जलवायु परिवर्तनको असरका कारण मनसुन पूर्ण रूपमा सक्रिय हुन नसक्ने जस्ता समस्या देखिन थालेको बताए ।

पर्याप्त पानी अभावमा रोपाइँ गरिएको खेतमा झारपात उम्रिने र रोग किराको समस्या देखिने जोखिम बढेको कृषि प्राविधिकले बताएका छन् । जलवायु परिवर्तनका कारण चाहिएको समयमा वर्षा नहुने, वर्षा भएमा पनि बाढी र डुबानको ठूलो समस्या सिर्जना हुने र आँधीबेरी देखिने जस्ता समस्या बढ्न थालेको बताइन्छ ।

### उकुसमुकुस गर्मीले जनजीवन कष्टकर

पछिल्लो दुई हप्तादेखि बढेको उखरमाउलो गर्मीले कैलालीसहितका जिल्लाको जनजीवन कष्टकर बनेको छ । बढेको गर्मीले दैनिक काम गर्न र हिँड्डुल गर्न असहज बनेपछि जनजीवन कष्टकर बनेको हो ।

उकुसमुकुस र छट्पटिने गर्मी बढ्दा रातिको समयमा समेत अनिदो बस्नुपर्ने बाध्यता आएको स्थानीयवासीले बताएका छन् । स्थानीय यज्ञराज भट्टले भने, ’शीतलताका लागि पटक पटक नुहाउनु परेको छ, छट्पटिने गर्मीले पाँच दिनदेखि राति अनिदो बस्नुपरेको छ ।’

बढेको गर्मीले मजदुरी गरेर जीविका चलाउने वर्ग, वृद्धवृद्धा र स्कुले बालबालिकालाई बढी प्रभावित गरेको छ । अधिकतम तापक्रम त्यति नबढेको भए पनि सापेक्षिक आद्रता र न्यूनतम तापक्रम बढ्दा बढी गर्मीको महसुस भएको महाकाली बेसिन फिल्ड कार्यालयका प्रमुख साहले बताए ।




## उदयदेब बहुउद्देश्यीय सहकारी संस्था लि.
## महेन्द्रनगर, कञ्चनपुर

## वार्षिक साधारण सभा सम्बन्धि सूचना

यस उदयदेब बहुउद्देश्यीय सहकारी संस्था लि. को २७ औं वार्षिक साधारण इकाईगत साधारण सभा तपशिलको मिति तथा स्थानमा हुने भएकाले शेयर सदस्यज्यूहरुलाई उपस्थितिका लागि हार्दिक आमन्त्रण गर्दछौं ।

**साधारण सभाका विषयहरू**
(१) संस्थाको सञ्चालक समिति २०८१/०८२ को वार्षिक प्रतिवेदन
(२) आ.व. २०८१/०८२ को वार्षिक लेखा परीक्षण प्रतिवेदन
(३) संस्थाको लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन
(४) आ.व. २०८२/०८३ को वार्षिक बजेट, कार्यक्रम, मिति स्वीकृत गर्ने सम्बन्धमा
(५) शेयर लाभााश पारित तथा वितरण सम्बन्धमा
(६) संरक्षित पूजी फिर्ता कोष तथा कर्मचारी बोसन वितरण सम्बन्धमा
(७) आ.व. २०८२/०८३ को लागि लेखा परीक्षक नियुक्ति तथा निजको पारिश्रमिक सम्बन्धमा
(८) कार्यविधि, निर्देशिका पारित गर्ने सम्बन्धमा
(९) बाह्य निकायबाट अनुदान, ऋण स्वीकार गर्ने सम्बन्धमा
(१०) संस्थाको कर्मचारीको दरबन्दी तथा पदपूर्ति गर्ने सम्बन्धमा
(११) संस्थाको बचत तथा कर्जाको ब्याज अनुमोदन गर्ने सम्बन्धमा
(१२) संस्थामा कार्यरत कर्मचारीको सेवा सुविधा थप गर्ने सम्बन्धमा
(१३) संस्थाका लागि आवश्यक पर्ने सवारी साधन, उपकरण खरिद गर्ने सम्बन्धमा
(१४) कृषि प्रवर्द्धन केन्द्रलाई स्तरोन्नति गर्न आवश्यक उपकरण खरिद सम्बन्धमा
(१५) बिउ प्रशोधन केन्द्रका लागि आवश्यक पर्ने गोदाम घर निर्माण गर्ने सम्बन्धमा
(१६) अन्य सहकारी संस्थासंग एकीकरण गर्ने र एकीकरण गर्न कार्यदल गठन गर्ने सम्बन्धमा
(१७) निर्णय प्रमाणीकरणका लागि प्रतिनिधि छनौट गर्ने सम्बन्धमा

| क्र.सं. | मिति | सेवा केन्द्र | समय |
|---|---|---|---|
| १. | २०८२/५/६ | डडेल्धुरा | ११ बजे विहान |
| २. | २०८२/५/७ | बैतडी | १० बजे विहान |
| ३. | २०८२/५/१३ | धनगढी/अत्तरिया | ११ बजे विहान |
| ४. | २०८२/५/२० | कृष्णपुर/झलारी/दैजी | ११ बजे विहान |
| ५. | २०८२/५/२७ | बेलौरी/दोधारा | ११ बजे बिहान |
| ६. | २०८२/६/५ | निर्णय प्रमाणीकरण (केन्द्रीय कार्यालय महेन्द्रनगर | ११ बजे विहान |




## बाढी र पहिरोबाट सचेत होऔं ।

**बाढी र पहिरो आउनुअघिः**
❖स्थानीय रेडियो वा अन्य माध्यमबाट मौसमको जानकारी लिऔं,
❖खोला, नदी तथा जोखिमपूर्ण ठाउँबाट सुरक्षित स्थानमा जाऔं,
❖घरको नजिक पहिरो खस्न सक्ने ठाउँ भए सावधानी अपनाऔं,
❖आपतकालीन झोला (प्राथमिक उपचार सामग्री, टर्चलाइट, खानेकुरा, लुगाफाटालगायत) तयार राखौं,
❖जोखिममा परेका बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिहरूलाई प्राथमिकता दिऔं ।

**बाढी र पहिरो आएमाः**
❖अनावश्यक हिड्डुल नगरौं,
❖सुरक्षित स्थानतर्फ जाऔं,
❖विजुलीका लाइन वा पोलहरूबाट टाढा रहौं,
❖खोलानाला सुरक्षित तवरले पार गरौं,
❖अफवाह नफैलाऔं, सत्य सूचना मात्र आदान–प्रदान गरौं,
❖घाइते वा फसेका व्यक्तिको उद्धारमा सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




मिडीया नेपालका लागि प्रकाशित पश्चिम नेपाल दैनिक, संस्थापक/सम्पादकः **अशोक प्र. पाण्डेय**, प्रकाशक/प्रधान सम्पादकः **लक्ष्मणदत्त पन्त**, अतिथि सम्पादकः **मेनुका विष्ट 'बस्नेत'**, पुर्व सम्पादकः स्व. **कर्ण बोहरा**, कार्यकारी सम्पादकः **नृगबहादुर शाह**
कार्यालयः गल्ली नं. ५ क्याम्पसरोड, महेन्द्रनगर, फोनः ०९९-५२५६२५,मो.९८४८८८५२४३,९८०१३७९५४३ फ्याक्स ०९९-५२३८४९ इमेलः westnepaldaily@gmail.com, मुद्रकः जगदम्बा छापाखाना गल्ली नं. ३, महेन्द्रनगर, ०९९-५२३९७७